आज मिति २०८२ साल वैशाख १० गते विहान ०८:०० बजे बुधवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ५२ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहेरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री नेम बहादुर खत्री | शाखा अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री नेत्र बहादुर थापा | वरिष्ठ शिक्षा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री भूपेन्द्र बहादुर शाही | स्वीकीय सचिव सहायक पाँचौं | ठाँटीकाँध गापा दैलेख | |

प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/०१/१० गतेको ५२ औं गाउँ कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १**

सामुदायिक विद्यालय अनुगमन प्रतिवेदन सम्वन्धमा।

**प्रस्ताव नं. २**

श्री अख्तियार दूरूपयोग अनुसन्धान आयोग सुर्खेतको पत्रानुसार मालिका मा वि ठिमुरेको अनुगमन र कार्वाही सम्वन्धमा ।

**प्रस्ताव नं. ३**

मदिरा नियन्त्रणका लागि गठित समितिले असुल गरेको रकम खोजवीन सम्वन्धमा ।

**प्रस्ताव नं. ४**

गाउँपालिका अध्यक्ष ज्यू को उपचार खर्च भुक्तानी सम्वन्धमा ।

**प्रस्ताव नं. ५**

विभिन्न योजनाको लागत अनुमान भेरियशन सम्वन्धमा ।

**प्रस्ताव नं. ६**

गाउँपालिकाको हल र प्रोजेक्टर भाडा सम्वन्धमा ।

**प्रस्ताव नं. ७**

अन्य विविध समसामयिक विषयवस्तुहरु सम्वन्धमा । -

क.आकस्मिक लाभकर सम्वन्धमा ।

ख.एम्वुलेन्स मर्मत सुधार वापतको रकम भुक्तानी सम्वन्धमा ।

ग.कानुनी सल्लाहकारको पारिश्रमिक भुक्तानी सम्वन्धमा ।

घ.मुहान दर्ताको निर्णय अनुमोदन सम्वन्धमा ।.

ङ. विभिन्न निर्देशिका तथा कार्यविधि स्वीकृत सम्वन्धमा ।

च. सडक मर्मत सुधार सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक पक्षको अनुगमन गरी प्रतिवेदन पेश गर्न गाउँपालिका उपाध्यक्ष श्री देवीराम वडुवाल ज्यूको संयोजकत्वमा समिति गठन भएकोमा उक्त समितिले मिति २०८१।१२।२९ गते तयार गरी पेश गरेको प्रतिवेदन उपर राजनीतिक दलका

CamScanner
Scanned with CamScanner
CamScanner

प्रतिनिधि र शिक्षक संघ संगठनका प्रतिनिधिका साथै सरोकारवालाहरुको उपस्थितिमा छलफल गरी ठोस सिफारिस सहित पेश गर्न गाउँ शिक्षा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा श्री अख्तियार दूरूपयोग अनुसन्धान आयोग सुर्खेतको पत्रानुसार मालिका मा वि ठिमुरेको अनुगमन गरी प्रतिवेदन पेश गर्न गाउँपालिका उपाध्यक्ष श्री देवीराम वडुवाल ज्यूको संयोजकत्वमा समिति गठन गरिएकोमा सो समितिले पेश गरेको प्रतिवेदनका आधारमा देखिएका कैफियत उपर आवश्यक कार्वाही गरी सो को जानकारी श्री अख्तियार दूरूपयोग अनुसन्धान आयोग सुर्खेतमा पठाउन श्री शिक्षा युवा तथा खेलकूद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मदिरा नियन्त्रणका लागि अघिल्लो कार्यकालमा गठित समितिले असुल गरेको रकम हिनामिना भएकोले खोजवीन गरीदिन मिति २०८२।१।५ को सार्वजनिक सुनुवाईका क्रममा गुनासो आएको र उक्त गुनासोका सम्बन्धमा छानवीन गरी दुरूयोग भएको भएको भए कार्वाही प्रकृया अगाडि बढाउने आश्वासन गाउँपालिकाको तर्फबाट दिईएकोमा सो उपर छानवीन गर्न सामाजिक विकास समितिका संयोजक श्री जोरासिंह रोकाया क्षेत्रीको संयोजकत्वमा वडा अध्यक्ष श्री चक्र वहादुर वि क,वडा अध्यक्ष श्री लाल बहादुर शाही र कार्यपालिका सदस्य श्री रुपा थापा विक सदस्य तथा प्रशासन शाखा प्रमुख सदस्य सचिव रहेको छानवीन उपसमिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष श्री रक्ष वहादुर शाह ज्यू क्यान्सर रोगका कारण गम्भीर विरामी भई उपचाररत रहनु भएको र निजको स्वास्थ्योपचारका लागि जनप्रतिनिधि कर्मचारी आकस्मिक स्वास्थ्य सहयोग सम्वन्धी कार्यविधि वमोजिम वील वमोजिमको रकम तोकिए अनुसार कूल खर्चको ३० प्रतिशत उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रस्ताव नं ११ माथि छलफल गर्दा निम्न योजनाको निर्माण कार्य गर्दा केही हेरफेर गरी बढी काम गर्नु पर्ने भएकाले सम्बन्धित वजेट शीर्षकबाट नै खर्च हुने गरी देहाय अनुसार भेरियसन अडर गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**भेरियसन सम्बन्धी विवरण**

| क्र सं | योजनाको नाम | लागत अनुमान मु अ कर र पि एस सहित रु | शुरु सम्झौता मु अ कर र पि एस सहित | संशोधन गरी कायम हुने सम्झौता मु अ | सृजना हुने थप दायित्व मु अ कर र |
|---|---|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

CamScanner
Scanned with CamScanner
CamScanner

**तपसिल**

| क्रसं | सडकको नाम | वडा नं | काम गर्ने घण्टा |
|---|---|---|---|
| १ | मिलनचोकदेखि वडा कार्यालयसम्म सडक मर्मत | १ | ५ |
| २ | पिपलचौतारा प्याडुली वर्थिङ सेन्टरसम्म र ठाटीकाँध विजारे सम्म सडक मर्मत | २ | १० |
| ३ | राताटाकुरादेखि देखि वडा कार्यालयसम्म सडक मर्मत | ३ | १० |
| ४ | मटेलादेखि वडा कार्यालयसम्म सडक मर्मत | ४ | २० |
| ५ | रावत होटलदेखि अगालडाँडा हुँदै आग्र हुदै ५ नं वडा कार्यालयसम्म सडक मर्मत | ५ र ६ | २० |
| | जम्मा | | ६५ घण्टा |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner
Scanned with CamScanner
CamScanner

| | | | रु रु | कर र पि एस सहित रु | पि एस सहित रु |
|---|---|---|---|---|---|
| १ | सातला अधिकारी चौर स्याउलेकाँध सडक स्तरोन्नति ठागापा ५ वैसेख-TRM/DLK/NCB/SASSS/02/2081/082 | ९६६०३३५।८५ | ४१३२४५४।४८ | ५१००३२१।५७ | ९६७८६७।०९ |

निर्णय नं ६

यस ठाटीकाँध गाउँपालिकाको हलको हल र प्रोजेक्टर भाडा देहाय अनुसार लिने गरी आवश्यक व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र सं | हलभाडा | प्रोजेक्टर भाडा | दुवैको भाडा | कैफियत |
|---|---|---|---|---|
| १ | १००० | ५०० | १५०० | सवै संघसंस्थाले कार्यक्रम सञ्चालन गर्दा हलभाडा असुल गर्ने दायित्व आन्तरिक राजश्व शाखाको हुने र हल सफा गर्ने र अन्य प्रवन्ध गर्ने जिम्मेवारी का स गणेश वहादुर शाहीको हुने । |

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा देहाय अनुसार विविध समसामयिक विषयमा छलफल गर्दा देहाय गर्ने निर्णय गरियो ।

तपसिल

क.ठाटीकाँध गाउँपालिका वडा नं २ को वडा कार्यालयको नाममा जग्गा निशुल्क दान गरी रजिष्ट्रेशन पारित गर्दा जग्गादाता श्री लव वहादुर शाहीले रु १०८०००। मालपोत कार्यालय दुल्लूमा सरसापटी गरी राजश्व तिरेकोमा जग्गा मात्र निशुल्क जग्गा दान गर्न सक्ने तर आफ्नो आर्थिक अवस्था न्युन भएकाले आकस्मिक लाभकर तिर्न नसक्ने भएकाले उक्त रकम गाउँपालिकावाट व्यहोर्ने गरी निर्णय गरिदिन माग गरेको र निजको आर्थिक अवस्था समेत न्युन नै भएकाले रु १०८०००। मात्र वडा नं २ को चालु आ व को वडा कार्यालयको जग्गा प्राप्ति सम्वन्धी विविध खर्च शीर्षकमा विनियोजित रु २०१४४५।०० वाट आकस्मिक लाभकर निज जग्गादातालाई उपलब्ध गराउने निर्णय गरियो ।

ख.ठाटीकाँध गाउँपालिकाको नाममा रहेका देहाय अनुसारका एम्वुलेन्सहरुको मर्मत खर्च चालु आ व मा देहाय अनुसार भएकाले सो को भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

Scanned with CamScanner

CamScanner

| क सं | एम्बुलेन्सको विवरण | मर्मत गर्ने फर्मको नाम | बील रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ११०८ | आशिका एण्ड आरती सप्लायर्स | ५२११८३। | |
| २ | ११०८ | ज्वाला अटो मोटर्स | ७९४२२।०० | दुवै एम्बुलेन्स मर्मत बील रकम रु १५००२२।०० |
| ३ | ५२७ | ज्वाला अटो मोटर्स | २७०६००।०० | |

ग· यस गाउँपालिकाका अध्यक्ष लगायत ५ जनाका नाममा मालिका मा वि ठिमुरेका प्रधानाध्यापक श्री महेन्द्र वहादुर शाहीले उच्च अदालत सुर्खेतमा दिएको निवेदनको प्रत्युत्तर तयारी,वहस पैरवी र अन्य आवश्यक कानुनी परामर्शका लागि सल्लाहकारको रुपमा यस पूर्व नै अधिवक्ता श्री मातृका प्रसाद खनाललाई जिम्मेवारी तोकिएकोमा निज र निजका सहयोगीको रूपमा अधिवक्ता श्री शेर वहादुर खत्रीसँग समेत सम्झौता गरी विचाराधिन उक्त मुद्दामा परामर्शदाताको कामकाज गरेवापत चालु आ व को परामर्श शीर्षकवाट सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

घ·मिति २०८१।१२।१२ को प्रमुख प्रशासकीय अधिकृत स्तरको निर्णयवाट देहाय अनुसार खानेपानी योजनाको मुहान दर्ता गरी प्रमाण पत्र दिईएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | खानेपानी योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | आग्र खानेपानी तथा सरसफाई उपभोक्ता संस्था | ठाटीकाँध गा पा ५ दैलेख |
| २ | ठाटीकाँध खानेपानी तथा सरसफाई उपभोक्ता संस्था | ठाटीकाँध गा पा १,२ र ६ दैलेख |
| ३ | छड्पड्नेखोला थरयागडा ठुलागडा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था | ठाटीकाँध गा पा ६ दैलेख |

ङ·देहाय अनुसारका निर्देशिका तथा कार्यविधिको मस्यौदा अध्ययन गरी स्वीकृतिका लागि आगामी कार्यपालिका वैठकमा पेश गर्न सुशासन तथा संस्थागत विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

१·वाल समुह सञ्जाल गठन तथा सहजीकरण निर्देशिका २०८२

२·सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लागि योग्य सवै लाभग्राहीहरुको पहुँच सुनिश्चित गर्न निर्माण गरिएको आधारभूत कार्यविधि २०८२

च· मिति २०८१ चैत्र २८ र २९ गते देखि परेको अविरल वर्षाका कारण यस गाउँपालिका क्षेत्रका सडकहरु विग्रीन गई यातायात सेवा अवरुद्ध भएकाले उक्त वडा कार्यालयसम्म जाने सडकहरु सरसफाईका लागि देहाय अनुसार समयावधिमा देहाय अनुसार वडामा सडक मर्मत सुधार गरी यातायात सहज गर्ने निर्णय गरियो ।

CamScanner
Scanned with CamScanner
CamScanner